**<u>मिति २०७५/०६ /०५ गतेको  कार्यपालिकाका बैठकको निर्णयहरु :</u>**

निर्णय नं. १ ≠प्रस्ताव नं. १ मा छलफल गर्दा बर्दिवास नगलपालिकाको नगर दररेट निर्धारण समितबिाट आ.व. ०७५/ ०७६ को लागि परिमार्जन सहित पेश भएको नगर दररेटलाई स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. २# प्रस्ताव नं. २ मा छलफल गर्दा बर्दिवास नगरपालिकाको प्रत्येक वडा कार्यालयको लागि १-१ एक एक थान मोटरसाइकल सवारी साधन खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ३#प्रस्ताव नं.३ माथि छलफल गर्दा नगर कार्यपालिकाको कार्यालय भवन निर्माणका लागि साविक २५ नं. बहादुरगंज वडा नं. ५ को कि.नं.......... क्षेत्रफल ०-२-१ दाताहरुबाट बर्दिवास नगरपालिकाको नाममा निशुल्क रजिष्टेशन पास गरिदिने इच्छा व्यक्त गर्नुभएको सन्दर्भमा उक्त जग्गाहरु नगरपालिकाको नाममा रजिष्टेशन पास गर्ने निर्णय गनुको साथै सोही जग्गासँग जोडिएको साविक २५ नं. बहादुरगंज वडा नं. ५ कि. नं. १२६ को क्षेत्रफल १-१५-० को जग्गा नगरपालिकाको स्वामित्वमा ल्याउन आवश्यक प्रकृयाको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं. ४ # प्रस्ताव नं. ४ मा छलफल गर्दा बर्दिवास चोकको अव्यवस्थित तरकारी बजारलाई सडक क्षेत्रबाट अन्यत्र व्यवस्थापन गर्न यथाशिघ्र सुचना गर्ने साथै सडक क्षेत्रभित्रका अन्य अस्थायी संरचनाहरु समेत हटाउने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ५# प्रस्ताव नं. ५ मा छलफल गर्दा मोटरसाइकल  पार्किङको लागि पुर्व पश्चिम राजमार्ग वा अन्य स्थानको उपयुक्त स्थानको पहिचान गरी पार्किङ स्थल तोक्ने निर्णय गरियो ।

निर्णय नं. ६#  प्रस्ताव नं. ६ मा छलफल गर्दा उपयुक्त स्थानमा बसपार्कको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७# प्रस्ताव नं. ७ मा छलफल गर्दा सार्वजनिक सुनवाई कार्यक्रमको लागि वडा अध्यक्षज्युहरुबाट समय लिई उपयुक्त समयमा कार्यक्रम निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८# प्रस्ताव नं. ८ मा छलफल गर्दा नजिकिदो ०७५ को महान पर्व विजयदशमि नजिकिदै गएको सन्दर्भमा उपभोक्ताहरुको हितलाई मध्यनजर गर्दै नगरका बजारहरु तत्काल अनुगमन गर्न बजार अनुगमनन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय ९# प्रस्ताव नं. ९ मा छलफल गर्दा अर्को व्यवस्था नभए सम्मको लागि ढुङ्गा गिट्टी बालुवा उत्तखन्नमा रोक लगाउने, नयाँ कसर उधोग संचालनको लागि अनुमति नदिने र  संचालित कसर उधोगहरुको अनुगमान तथा नियमन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०# प्रस्ताव नं. १० मा छलफल गर्दा हाल ब.न.पा. वडा नं. ११ मा साविकको जनमुक्ति सेना क्याम्प रहेको स्थानमा निर्मल लामा पोलिटेक्निकल कलेज स्थापना गरी संचालन गर्नुपर्ने भएकोले सो स्थानमा रहेको सशस्त्र प्रहरी सुरक्षा वेस  क्याम्पलाई अन्यत्र व्यवस्थापन गर्न छिन्नमस्ता सशस्त्र प्रहरी गण बर्दिवास  माईस्थानलाई पत्राचार गर्ने निर्णय गरियो ।

**मिति २०७५/०६/०८गतेको कार्यपालिका वैठकको निर्णयहरु :**

( १) प्रस्ताव नं. १ माथि छलफल गर्दा नगरपालिमाको कार्य संचालनको शिलशिलामा भए गरेका नियमित कार्यहरु विरुद्ध सम्मानित अदालतहरुमा परेका मुदाहरुको प्रतिरक्षा/ बहस पैरवी गर्न अधिवक्ता तोक्नुपर्ने भएकोले सो कार्य गर्नको लागि नगरप्रमुखलाई अधिकार दिने निर्णय गरियो ।

( २) प्रस्ताव नं. २ माथि छलफल गर्दा नगरक्षेत्र भित्र संचालित कसर उधोगहरुको अनुगमन तथा स्टक प्रमाणित गर्न शाखा अधिकृत श्री निर्मल मानन्धरको संयोजकत्वमा प्रविधिक इन्जिनियर र राजश्व उपशाखाको १ जना कर्मचारी सम्मिलित ३ सदश्यीय अनुगमन टोली गठन गर्न निर्णय गरियो ।

( ३ ) प्रस्ताव नं. ३ माथि छलफल गर्दा राष्ट्रिय प्राकृतिक श्रोत तथा विल आयोगको मिति २०७५/०५/१७च. नं. ७३ को पत्र बमोजिम ढुगां गिट्टी वालुवा जस्ता नदीजन्य वस्तुहरुको उत्खन्न विकि वितरणको लागि व्यवस्था गर्ने जिम्मा स्थानीय तहको रहेकोले प्रारम्भ वातावरणीय परिक्षण स्वीकृत भएका खोलाहरु , रातुखोला, भव्सी खोला , भरुवा खोला र जंगाह खोलाको ठेक्का वन्दोवस्त गर्ने प्रकृया अगाडी बढाउन बर्दिवास नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।